**मिति २०८३/१/२ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. वडाको सहकार्यमा सहकारी मार्फत सबै वडामा युवा उद्यमी कृषि कार्यक्रम संचालन सम्बन्धमा ।
२. नदी/खोलाको नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।
३. मेयर उप-मेयर कम संचालन सम्बन्धमा ।
४. विविध सम्बन्धमा ।

**निर्णय नं.- १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेटमा उल्लेख भएको वडाको सहकार्यमा सहकारी मार्फत सबै वडामा युवा उद्यमी कृषि कार्यक्रम कार्यान्वयनको लागि कृषि सहकारी संस्थाहरू मार्फत कार्यक्रम संचालन गर्ने । कार्यक्रम संचालन गर्दा सम्बन्धित सहकारी संस्थाले पारदर्शी तथा प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गर्दै सहकारी मार्फत युवा उद्यमी कृषि कार्यक्रम सञ्चालन गर्ने व्यवस्था अनुसार देहायका सहकारी संस्थाहरूलाई प्रति सहकारी रु ३,००,००० का दरले कार्यक्रम संचालन गर्न रकम उपलब्ध गराउने (तीन लाख रुपैयाँ मात्र :अक्षरूपी)निर्णय गरियो।

## सहकारी संस्थाहरूको विवरणः

| क्र.सं. | सहकारीको नाम र ठेगाना | कार्यस्थल | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | शितगंगा कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा २ | शितगंगा १ मा समेत गर्ने | ३,००,००० | |
| | शितगंगा कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा २ | शितगंगा २ | | |
| २ | आधारशिला साना किसान कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा ३ | शितगंगा ३ | ३,००,००० | |
| ३ | साना किसान कृषि सहकारी संस्था लिमिटेड शिनपा ४ | शितगंगा ४ | ३,००,००० | |
| ४ | साझा फूलबारी महिला कृषि सहकारी संस्था लिमिटेड शिनपा ५ | शितगंगा ५ | ३,००,००० | |
| ५ | सरोकार सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड शिनपा ५ | शितगंगा ६ | ३,००,००० | |
| ६ | मगराकोट कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा ७ | शितगंगा ७ | ३,००,००० | |
| ७ | जलुके कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा ८ | शितगंगा ८ | ३,००,००० | |
| ८ | बराहादह कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा ९ | शिनपा ९ | ३,००,००० | |

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित प्रतिलिपि

| | | | | |
|---|---|---|---|---|
| ९ | जागृति कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा १० | शिनपा १० | ३,००,००० | |
| १० | सिद्धारा कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा ११ | शिनपा ११ | ३,००,००० | |
| ११ | पृष्ठभूमि कृषि सहकारी संस्था लिमिटेड शिनपा १२ | शिनपा १२ | ३,००,००० | |
| १२ | सिमलपानी साना किसान कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा १३ | शिनपा १३ | ३,००,००० | |
| १३ | गंगाजल कृषि तथा पशु विकास महिला सहकारी संस्था लिमिटेड शिनपा १४ | शिनपा १४ | ३,००,००० | |

**कार्य सञ्चालन सम्बन्धी व्यवस्थाः**

- अनुदान रकम सम्बन्धित सहकारी संस्थाको खातामा सिधै जम्मा गरिनेछ।
- वडामा रहेका सहकारी संस्थाले वडा कार्यालय, कृषि शाखासँग समन्वय गरी पारदर्शी तथा सहभागितामूलक प्रक्रियाबाट लाभग्राही छनौट गर्नेछ।
- लाभग्राही छनौट पश्चात् स्थानीय आवश्यकता र सम्भावनाको आधारमा कृषि तथा पशु विकाससँग सम्बन्धित उपयुक्त क्षेत्र छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- कार्यस्थल भन्नाले यस कार्यक्रम कार्यान्वयनको लागि भनि उल्लेख गरिएको छ।
- कार्यक्रमको प्राविधिक सहयोग कृषि शाखाबाट उपलब्ध गराइनेछ तथा अनुगमन सम्बन्धित वडा कार्यालय र नगरपालिकाबाट गरिनेछ।
- कार्यक्रम ५० प्रतिशत लागत साझेदारिमा गरिनेछ ।

**निर्णय नं.- २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका नदी/खोलाहरुको नदीजन्य पदार्थ व्यवस्थापन गर्ने सम्बन्धमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको च.नं. ६१० मिति २०८२/१२/२२ गतेको सहमती पत्रानुसार सहमती प्राप्त नदी खोलाहरुको घाट/क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विकी गर्ने कार्यको ठेक्का व्यवस्थापन प्रकृया अगाडी बढाई राजश्व संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं.- ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको स्वीकृत कार्यकम अनुसारको मेयर तथा उप-मेयर कप खेलकुद कार्यकम मेयर तथा उप-मेयर कप खेलकुद संचालन गर्ने समितिले आवश्यक समन्वमा उपयुक्त समय मिलाई संचालन गर्ने निर्णय गरियो ।

प्रमाणित प्रतिलिपि

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

**<u>निर्णय नं. ४</u>**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरुका सन्दर्भमा छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

**(क)** शितगंगा नगरपालिका वडा नं. १३ मुसियानका ललिता वि.सी. किनं. ७१, नुन बहादुर वि.सी.कि.नं.४२, चन्द्रमणि भाट क्षेत्री कि.नं. १०४, मदन कुमार वि.सी. कि.नं. ७२, स्याम बहादुर भाट कि.नं. १०३ को जग्गा व्यवस्थापन गर्न दिएको निवेदनहरु र शिनपा १३ कै मुसियानमा विष्णु राज अर्याल, ज्ञानुजोसी अर्याल, प्रज्वल अर्यालको नाममा रहेका कित्ता नं.४९, ५०, ८८, २८, ८९ तथा शिनपा १४ का राम बहादुर गाहाको नाममा मुन्द्रिवासमा रहेको कि.नं. ५ को जग्गा व्यवस्थापन गर्न दिएका निवेदन उपर कारवाही भई प्रारम्भिक वातावरणीय परिक्षण गर्न TOR स्वीकृत भई ड्राफ्ट रिपोट समेत पेश भएको अवस्थामा हाल यस नगरपालिकामा जनशक्तिको अभाव रहेको, आर्थिक वर्षको अन्तिम समय भई सकेको, जग्गा व्यवस्थापन गर्ने समय समेत निकै कम भएकोले पेश भएका उल्लेखित व्यहोराका निवेदनहरुको सन्दर्भमा आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने ।

**(ख)** लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ६१९ मिति २०८२/१२/२७ को पत्रानुसार आ.व. २०८३/०८४ मा प्रदेश समपूरकका आयोजनाको प्रस्ताव पेश गर्न भएको परिपत्र तथा प्राप्त संसोधित कार्यविधि बमोजिम कार्यपालिकाको मिति २०८२/१०/२० मा भएको निर्णयमा संसोधन गरी आ.व. २०८३/०८४ मा तपशिलका आयोजनाहरु प्रदेश समपूरक अर्न्तगत संचालनको लागि प्रस्ताव पेश गर्ने ।

**<u>तपशिल</u>**

१. सातमारा लाहापे सिलिङ्गखोला चिदिचौर सडक स्तरोन्नतीको लागि रु ४ करोडको प्रस्ताव पेश गर्ने ।

२. सितापुर सुवर्णखाल चौपारी नेटापोखरा सडक स्तरोन्नतीको लागि रु ३ करोडको प्रस्ताव पेश गर्ने ।

**(ग)** कमल पौडेलले यस नगरपालिकामा मुख्य योजनाहरुको डिपिआर तयार गर्न लाग्ने खर्च विनियोजन गरी योजनाहरुको डिपिआर गर्ने कार्य हुन भनि दिएको निवेदन आजको बैठकमा पेश भई छलफल भयो । उल्लेखित योजनाहरु मध्ये डिपिआर भएका योजनाहरु भएमा डिपिआर कपी उपलब्ध गराउने र वजेट बिनियोजनका सर्न्दभमा पछी छलफल गर्ने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

प्रमाणित प्रतिलिपि